## मिति २०८३/२/१७ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. पूर्व जनप्रतिनिधि सम्मान कार्यक्रमका सम्बन्धमा ।
२. उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ सम्बन्धमा ।
३. नगरपालिकाका विषयगत समितिका प्रतिवेदन सम्बन्धमा ।
४. नगरपालिकाको आगामी आ.व.को बजेट सम्बन्धमा ।
५. शितगंगा नगरपालिका पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ सम्बन्धमा ।
६. नेपाल नगरपालिका संघको सदस्यता शुल्क सम्बन्धमा ।
७. शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धमा ।
८. अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको प्रस्ताव सम्बन्धमा ।
९. पावर कुलोको बाध निर्माण गर्दा निस्केको नदिजन्य पदार्थ लैजान दिने सम्बन्धमा ।
१०. स्थानीय पाठ्यक्रम लेखन मस्यौदा प्रस्तुत सम्बन्धमा ।
११. विपद् व्यवस्थापनको लागि तार जाली माग गर्ने सम्बन्धमा ।
१२. शितगंगा नगरपालिकाको अपाङ्गता अधिकार सम्बन्धी नियमावली, २०८३ सम्बन्धमा ।
१३. ज्योति मा.वि.छाना मर्मत सम्बन्धमा ।
१४. आर्थिक सहायता सम्बन्धमा ।

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा उक्त विषयमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको उत्कृष्ठ कृषक प्रोत्साहन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा रहेका तपशिल बमोजिमका विषयगत समितिहरुका प्रतिवेदन समितिका संयोजनकहरुबाट आजको बैठकमा पेश भइ छलफल भयो । आगामी दिनमा विषयगत समितिका कामकारवाहीहरुलाइ अझैबढी थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**तपशिल**

(क) पूर्वाधार समितिको प्रतिवेदन समितिका संयोजक श्री मान बहादुर नेपालीबाट प्रस्तुत
(ख) सामाजिक विकास समितिको प्रतिवेदन समितिका संयोजक श्री दामोदर अधिकारीबाट प्रस्तुत
(ग) विधायन समितिको प्रतिवेदन समितिका संयोजक श्री चन्द्रमणी बेल्वासेबाट प्रस्तुत
(घ) आर्थिक विकास सिमित समिति प्रतिवेदन समितिका संयोजक श्री बोम बहादुर वि.क.बाट प्रस्तुत
(ङ) वन बातावरण तथा विपद समितिको प्रतिवेदन समितिका संयोजक श्री पुष्पा गाहाबाट प्रस्तुत
(च) बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन समितिका संयोजक श्री गीता भाटबाट प्रस्तुत

प्रमाणित प्रतिलिपी

(छ) राजश्व परामर्श समितिको प्रतिवेदन समितिका संयोजक श्री गीता भाटबाट प्रस्तुत

(ज) अनुगमन समितिको प्रतिवेदन समितिका संयोजक श्री गीता भाटबाट प्रस्तुत

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आ.व.को यस नगरपालिकाको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा उपलब्ध गराइएको बजेट शिलिङ्गमा यस नगरपालिकामा संचालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको बजेट प्राप्त नहुने भनि पत्र प्राप्त भएको, संघीय समानिकरण अनुदान तर्फ समेत श्रोत अनुमान समितिले अनुमान गरेभन्दा सिलिङ्ग कम प्राप्त भएको र कर्मचारीहरुको तलव तथा प्रोत्साहन भत्ता बढेका कारण चालु खर्च बढ्न जाने व्यहोरा आजको बैठकमा जानकारी एंव छलफल भयो ।आगामी आवको बजेट सम्बन्धमा थप छलफल अर्को बैठकमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा शितगंगा नगरपाललिका पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ स्वीकृत गर्ने ।साथै चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार विउ बोका वितरण गर्ने कार्यक्रम वडा नं. ११ र १२ मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेपाल नगरपालिका संघको च.नं. ४५, मिति २०८३/५/१६ को पत्रबाट सदस्यता रकम पठाउन भनि लेखि आएकोले आ.व. २०८२/२०८३ को सदस्यता शुल्क बापतको रकम रु २५०००। पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा उक्त प्रस्तावको विषयमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालय लुम्विनी प्रदेशको च.नं. ८५८ मिति २०८३/१/११ गतेको पत्रानुसार अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम यस नगरपालिकामा संचालनको लागि प्रारम्भिक छनौटमा परेकोले कार्यक्रम संचालनको लागि लागत सहभागिता बापतको २५ प्रतिशत रकम व्यहोर्ने र कार्यक्रम संचालन गर्ने गरी कार्यालयबाट पेश भएको प्रस्तावलाइ समर्थन तथा अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा उक्त विषयमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

प्रमाणित प्रतिलिपी

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको कक्षा ४ देखि कक्षा ६ सम्मको स्थानीय पाठ्यक्रम लेखन कार्यको मस्यौदा आजको बैठकमा प्रस्तुत भइ छलफल भयो । छलफलका क्रममा प्राप्त सुझावहरुलाइ समावेश गरी अन्तिम पाठ्यक्रम अर्को बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र वर्षादको समयमा हुन सक्ने विपदलाइ मध्यनजर गर्दै यस नगरपालिकाको लागि कम्तिमा २०० थान तारजाली जिल्ला विपद् व्यावस्थापन समितिमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको अपाङ्गता अधिकार सम्बन्धी नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा मिति २०८३/२/१२ गतेको हावाहुरीले ज्योति मा.वि.को जस्ता उडाएकोले क्षति पुगेको विद्यालय भवन मर्मत गरी पाउँ भन्ने व्यहोराको पत्रका सन्दर्भमा उक्त उडाएको छाना मर्मतको लागि प्राविधिकको लागत अनुमान अनुसार बढिमा ५० हजार भित्र रही कार्य गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न व्यक्तिहरु विभिन्न प्रकारका रोगलागी उपचार गर्नु पर्ने र विभिन्न दुर्घटनामा परि उपचार गराइ रहनु पर्ने भएको तर आर्थिक अवस्था कमजोर भएको भनि उपचार सहयोग माग गरी निवेदन दिएकाले यस नगरपालिकाको विपद् व्यवस्थापन कोष तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाइ औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम नबाझिने गरी तपशिलका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

(क) शिनपा ७ निवासी प्रेम बहादुर गाहालाई उक्त रक्तचाप भइ उपचार भइरहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००। आर्थिक सहयोग प्रदान गर्ने ।

(ख) शिनपा १ निवासी बामदेव खनालले मुटुरोग लागि नियमित औषधी खानु पर्ने तर आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्ध गराइ दिन भनि निवेदन दिएकाले निजलाई उपचार खर्च बापत रु २५०००। आर्थिक सहयोग प्रदान गर्ने।

प्रमाणित प्रतिलिपी

(ग) शिनपा ४ निवासी कृष्ण बहादुर वि.क.ले छोरा अर्जुन वि.क. अचानक लड्न गई दुवै हात भाच्चिन पुगेको र अप्रेसन गरी रडहरु राखेको तर आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्ध गराइ दिन भनि निवेदन दिएकाले निजको छोराको उपचार खर्च बापत रु २५०००। आर्थिक सहयोग प्रदान गर्ने ।

(घ) शिनपा ११ निवासी कृष्ण बहादुर थापालाइ पिसाव थैलीमा क्यान्सर लागि उपचार गराइ रहेको र अर्थिक अवस्था कमजोर भएकोले सहयोग उपलब्ध गराइ दिन भनि वडाको शिफारिस प्राप्त भएकोमा निजलाइ उपचार खर्च बापत रु २५०००। आर्थिक सहयोग प्रदान गर्ने ।

(ङ) शिनपा ११ निवासी खिम बहादुर वि.क.का दुबै मृगौला खराव भइ उपचार गराइ रहेको र आर्थिक अवस्था कमजोर भएकोले सहयोग उपलब्ध गराइ दिन भनि वडाको शिफारिस प्राप्त भएकोमा निजलाइ उपचार खर्च बापत रु २५०००। आर्थिक सहयोग प्रदान गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

प्रमाणित प्रतिलिपी